## ८८ औं बैठक

।आज मिति २०७७ साल वैशाख १८ गते यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्र बहादुर चन्दको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल

श्री भुपेन्द्र बहादुर चन्द, नगर प्रमुख
श्री रेणु आचार्य, नगर उप प्रमुख
श्री नवराज कार्की, वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्षुमन राना वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डाँगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेंल. वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सुवेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री नोखिराम ओली प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु

श्री रेशम बहादुर पुन(वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान वहादुर ठाडा लेखा अधिकृत
श्री सिता कुमारी खत्री गिरी प्रशासकिय अधिकृत
श्री राजेश कुमार वुढा (स्वी आवि)
श्री अनिल चपाई, सूचना प्रविधि अधिकृत.
श्री कुलबहादुर खड्का, ना.सु.
श्री नविन कुमार के.सि.
श्री वीर बहादुर चुनारा, सरसफाईकर्मी

**प्रस्ताव नं. १ :- राहत सामाग्रीको रकम भुक्तानी सम्वन्धमा ।**

निणर्य नं. : १ विश्वव्यापी रुपमा फैलिएको कोराना भाइरस (Covid 19) को प्रकोप नियन्त्रण र रोकथामको लागि असंगठित श्रमिकहरुलाई राहत वितरण सम्वन्धी नगरपालिकाले वितरण गरेको खाद्यान्न सामाग्रीको वडाबाट सिफारिस भई आएबमोजिम प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ :- औषधी तथा औषधीजन्य सामाग्रीको रकम भुक्तानी सम्वन्धमा ।**

निणर्य नं. : २ यस नगरपालिकामा खरिद गर्दा लागेको रकम रु १४ लाख ५१ हजार ८ सय ७० रकम खर्च भएकोले उक्त रकम प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : क्वारेन्टाइन निर्माण, सामाग्री खरिद, खाना खाजा,गाडी भाडा मसलन्द लगायतको रकम भुक्तानी सम्बन्धमा ।**

निर्णय नं. ३ : यस नगरपालिकाले लकडाउनको अवधिमा कोरोना संक्रमण नियन्त्रणको सम्बन्धमा क्वारेन्टाइन निर्माण, सामाग्री खरिद, खाना खाजा,गाडी भाडा मसलन्द लगायतको रकमको सम्बन्धमा विल बमोजिम नियमानुसार प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो । साथै लकडाउन पूर्वको समयमा कार्यपालिका बैठक, सडक अतिक्रमण हटाउने कार्य, योजना अनुगमन, बजार अनुगमन र कार्यालयको विभिन्न कामकाजमा खटिएकोबेलाको स्टार होटल तथा पुरानो माछापुच्छे होटलको सो समयअघिको खाना, खाजा तथा नास्ताको रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : सम्पन्न भएका योजनाहरुको भुक्तानी सम्बन्धमा ।**

निर्णय नं. ४ : विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको कारण भएको बन्दाबन्दीका कारण यस नगरपालिका अर्न्तगतका विभिन्न योजनाहरुको योजना सम्पन्न गर्नु पर्ने मितिमा योजना सम्पन्न नभई समाप्त भएको सर्न्दभमा तोकीएको मिति भन्दा पछाडी सम्पन्न भएको खण्डमा पनि भुक्तानी दिने निर्णय गरियो ।